


बैठक संख्या:

आज मिति २०८१ पौष ०४ गतेका दिन यस आदर्श गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक उपाध्यक्ष श्री लक्ष्मी धामीज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरि निम्नलिखित निर्णय पारित गरियो ।

**उपस्थिति**

१) उपाध्यक्ष श्री लक्ष्मी धामी (रोकाया)
२) सदस्य श्री भरत बहादुर खडका
३) सदस्य श्री रमेश बहादुर साउँद
४) सदस्य श्री दिपेन्द्र प्रसाद पाठक
५) सदस्य श्री खगेन्द्र राज ओझा
६) सदस्य श्री उत्तम बहादुर सिंह
७) सदस्य श्री लाल ब खडायत
८) सदस्य श्री लाल ब विष्ट
९) सदस्य श्री कमला खडका
१०) सदस्य श्री नन्दा ब्लायर (रोकाया)
११) सदस्य श्री निर्मला देवी रोकाया
१२) सदस्य श्री ललिता वि.क.
१३) सदस्य श्री माने दमाई
१४) सदस्य श्री बहादुरे ढोली
१५ सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

**अन्य उपस्थिति**

१) ईन्जिनियर श्री दान बहादुर थापा
२) श्रीशान्त ओझा (सूचना प्रविधि अधिकृत)
३) डबल बहादुर भाट (ना.सु.)
४) विजय राज जोशी (लेखापाल)
५) डिल्ली राज जोशी (आ.ले.प.)
६) तेज बहादुर साउँद (क.अ.)

प्रस्तावहरु

१। नागरिक आरोग्य सेवा केन्द्रको का.स.सम्बन्धमा ।

२। सडक मर्मत समूहको कार्य सम्बन्धमा ।

३। शारदा मा.वि.को जमिन भएर गाउँपालिका भवन सम्म सडक खोल्ने सम्बन्धमा ।

४। सहायक चौथो तह सेवा करार अ.न.मी.पदको विज्ञापन सम्बन्धमा ।

५। कालसैनी भैरव मन्दिर निर्माणको लागि टेण्डर गर्ने सम्बन्धमा ।

६। वडा नं.७ को वडा कार्यालयको जमिन छुट्याउनको लागि अमिन माग सम्बन्धमा ।

७। रोजगार शाखाको प्राविधिक पदको करारमा भर्नाको लागि विज्ञापन सम्बन्धमा ।

निर्णय नं.१ यस आदर्श गाउँपालिका अन्तरगत नागरिक आरोग्य सेवा केन्द्रमा कार्यालय सहयोगी नहुदा सेवा प्रवाहमा साह्रै समस्या देखिएको अवस्थालाई मध्यनजर गरी सेवा करारमा राख्नको लागि कार्यालय सहयोगीको २०८१ गाउँसभा पश्चात विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ यस आदर्श गाउँपालिका अन्तरगत सडक मर्मतको कार्य गरिरहेका सडक मर्मत समूहको कामको मूल्यांकन गरेर मात्र पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३ यस आदर्श गाउँपालिका अन्तरगत वडा नं.२ मा रहेका शारदा मा.वि.को जमिन भएर गाउँपालिकाको भवन सम्म सडक खोल्नको लागि शारदा मा.वि.र अन्य सरोकारवाला व्यक्ति एवं निकायसंग आवश्यक पहल एवं समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं.४ यस आदर्श गाउँपालिका अन्तरगत गिरिचौका स्वास्थ्य चौकीमा सहायक चौथो तह सेवा करार अ.न.मी.पदमा कार्यरत हेमा अधिकारीले व्यक्तिगत समस्या दर्शाई राजिनामा दिनु भएको हुँदा स्वास्थ्य शाखाको सेवा करारतर्फ सहायक चौथो तह अ.न.मी.पदको २०८१ पौषको गाउँसभाबाट अनुमोदन गरी विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.५ यस आदर्श गाउँपालिका वडा नं.१ अन्तरगत रहेको कालसैनी भैरव मन्दिर निर्माणको लागि सुदूर पश्चिम प्रदेश सरकारबाट अनुदान रकम प्राप्त भएका हुँदा उक्त कालसैनी भैरव मन्दिर निर्माण गर्न टेण्डर प्रक्रियाको विधिबाट अगाढि बढाउने निर्णय गरियो ।

निर्णय नं.६ यस आदर्श गाउँपालिका वडा नं.७ को वडा कार्यालय भवन निर्माण गर्नु पर्ने भएको हुँदा उक्त ७ नं. वडा कार्यालयको जमिन एकिन गर्नको लागि नापी कार्यालय डोटीलाई अमिन मागको लागि पत्राचार गर्न प्रमुख प्रशासकीय अधिकृतज्यूलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.७ यस आदर्श गाउँपालिका अन्तरगत रोजगार शाखामा सब इन्जिनियर लोक बहादुर भाटले राजिनामा पत्र पेश गर्नु भएको हुँदा रोजगार शाखाको प्राविधिक कामको अवस्थालाई मध्यनजर गरी सब इन्जिनियर पदको लागि करार सेवाको विज्ञापन गर्ने निर्णय गरियो ।